<u>तरकारी बालीका नेपालमा विकास हुने तथा आयातित बीउ बिजनको अध्ययन परीक्षण मापदण्ड, २०८२</u>

बीउ बिजन ऐन, २०४५ को दफा ५ को उपदफा ५.५ तथा बीउ बिजन नियमावली, २०८१ को नियम ९ को उपनियम (१) को खण्ड (ग) तथा उपनियम (३) बमोजिम दर्ता गरी ऐनको दफा ११ को उपदफा ११.२ र नियमावलीको नियम १० को उपनियम (१) को खण्ड (ख) बमोजिम पञ्जीकृत हुने तरकारी बालीका नेपालमा विकास भएका बीउ विजनका किसिम वा जात तथा त्यस्ता बालीका आयातित बीउ बिजनका किसिम वा जातलाई आवश्यक पर्ने अध्ययन परीक्षण सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन बीउ बिजन नियमावली, २०८१ को नियम ४ को उपनियम (२) को खण्ड (क) को व्यवस्था एवम् नियमावलीको अनुसूची-४ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिले यो अध्ययन परीक्षण मापदण्ड स्वीकृत गरी लागू गरेको छ।

परिच्छेद -१

<u>परिभाषा</u>

१. **<u>सक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यो मापदण्डको नाम "तरकारी बालीका नेपालमा विकास हुने तथा आयातित बीउ बिजनको अध्ययन परीक्षण मापदण्ड, २०८२" रहेको छ ।

(२) यो मापदण्ड राष्ट्रिय बीउ बिजन समितिबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "ऐन" भन्नाले बीउ बिजन ऐन, २०४५ सम्झनु पर्दछ ।

(ख) "कार्यक्रम वा केन्द्र वा निर्देशनालय" भन्नाले परिषद् अन्तरगतका बाली विशेषका अनुसन्धान कार्यक्रम/अनुसन्धान केन्द्र/कृषि अनुसन्धान निर्देशनालय सम्झनु पर्दछ ।

(ग) "कृषि प्राविधिक" भन्नाले यस मापदण्डका लागि लोकसेवा आयोगबाट नेपाल कृषि सेवा/कृषि तर्फ लिइने नायव प्राविधिक सहायक पदको परीक्षामा सहभागी हुन पाउने योग्यता पुगेको व्यक्ति सम्झनु पर्दछ ।

(घ) "जात" भन्नाले नियमावलीको नियम ९ को उपनियम (१) को खण्ड (ग) तथा उपनियम (३) बमोजिम दर्ता भई ऐनको दफा ११ को उपदफा ११.२ र नियममावलीको नियम १० को

उपनियम (१) को खण्ड (ख) बमोजिम पञ्जीकृत बीउ बिजनको रुपमा तोकिने तरकारी बालीका नेपालमा विकास हुने तथा नेपाल भित्र कारोबार हुने तरकारी बालीका आयातित बीउ बिजनको किसिम वा जातलाई सम्झनु पर्दछ।

(ङ) "नियमावली" भन्नाले बीउ बिजन नियमावली, २०८१ सम्झनु पर्दछ ।

(च) "परिषद्" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् सम्झनु पर्दछ ।

(छ) "प्रस्तावक" भन्नाले यस मापदण्ड बमोजिम जात दर्ताका लागि प्रस्ताव पेश गर्ने संस्था वा निकाय सम्झनु पर्दछ ।

(ज) "सचिवालय" भन्नाले बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले ऐनको दफा ३ बमोजिमको राष्ट्रिय बीउ बिजन समिति सम्झनु पर्दछ ।

परिच्छेद-२

आयातित तरकारी बालीका जातको अध्ययन परीक्षण सम्बन्धी व्यवस्था

३. **अध्ययन परीक्षण गर्नुपर्ने:** (१) आयातित तरकारी बालीका जातलाई नियमावलीको नियम ९ को उपनियम (१) को खण्ड (ग) बमोजिम दर्ताका लागि सचिवालय मार्फत् समिति समक्ष निवेदन पेश गर्नुपूर्व प्रस्तावकले नियमावलीको अनुसूची -४ मा उल्लेख भए बमोजिम प्रस्तावित जातमा नेपालको स्थानीय हावापानीमा एक सिजन (मौसम) अध्ययन परीक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्तावित जातको अध्ययन परीक्षण कार्य सुरु गर्न प्रस्तावकले नियमावलीको अनुसूची -१० बमोजिमको राजश्व दाखिला गरी अनुसूची -१ बमोजिमको ढाँचामा अनुसूची -२ मा उल्लिखित कागजातहरु सहित सम्बन्धित जातको बीउको नमूना आयात एवम् परीक्षण अनुमतिका लागि सचिवालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन र संलग्न कागजातका आधारमा सचिवालयले सम्बन्धित प्रस्तावकलाई परीक्षणका लागि नमूना बीउ आयात तथा परीक्षण अनुमतिपत्र उपलब्ध गराउनेछ ।

(४) उपदफा (३) बमोजिम आयात अनुमतिपत्र प्राप्त गर्ने प्रस्तावकले अध्ययन परीक्षण स्वयंको व्यवस्थापनमा वा जातीय विकास तथा सम्वर्द्धन अनुमति लिएका निजी क्षेत्रका निकाय वा परिषद् मातहतका निकायहरुसँगको समन्वयमा गर्नु पर्नेछ ।

(५) प्रस्तावकले उपदफा (४) बमोजिम गरिने प्रस्तावित जातको अध्ययन परीक्षण सम्बन्धी व्यवस्थापन देहाय बमोजिम गर्नु पर्नेछः-

(क) अध्ययन परीक्षण गरिने प्लटको न्यूनतम क्षेत्रफल १० वर्ग मिटर (m^2) हुनु पर्नेछ।

(ख) अध्ययन परीक्षण गर्दा प्रस्तावकले प्रस्तावित जातको परीक्षण स्थलमा कम्तिमा दुई रेप्लिकेसन (Replications) कायम गर्नु पर्नेछ।

(ग) खण्ड (क) र (ख) बमोजिम परीक्षण गर्दा कम्तिमा अनुसूची -३ मा उल्लिखित बोट/बेर्ना संख्या (Plant population) कायम गर्नु पर्नेछ ।

(घ) यस दफा बमोजिम अध्ययन परीक्षण गर्दा आवश्यक पर्ने जमिन/जग्गा प्रस्तावक स्वयंको वा प्रस्तावकले अध्ययन परीक्षणका लागि जग्गाधनीसँग सम्झौता गरी लिएको हुनु पर्नेछ।

(ङ) यस दफा बमोजिम गरिने अध्ययन परीक्षण स्थल सबैले देख्न सक्ने र सजिलै जान सकिने स्थानमा हुनु पर्नेछ र परीक्षण स्थलमा परीक्षण विवरण खुल्ने गरी होर्डिङ बोर्ड वा फ्लेक्स समेत राखिएको हुनु पर्नेछ ।

(च) यस दफा बमोजिम गरिने अध्ययन परीक्षणका लागि आवश्यक सम्पूर्ण व्यवस्थापन सम्बन्धित प्रस्तावकले नै गर्नु पर्नेछ ।

४. **<u>सचिवालयमा जानकारी गराउनु पर्ने:</u>** प्रस्तावकले गर्ने अध्ययन परीक्षण व्यवस्थापन सम्बन्धी सम्पूर्ण विवरण अध्ययन परीक्षण थालिएको १५ दिन भित्र अनुसूची -४ बमोजिमको ढाँचामा पूर्व जानकारी फारम तयार गरी सचिवालयमा पेश गर्नु पर्नेछ ।

५. **<u>अध्ययन परीक्षणको तथ्याङ्क पेश गर्नु पर्ने:</u>** (१) दफा ३ बमोजिम संचालन हुने अध्ययन परीक्षणको तथ्याङ्क प्रस्तावकले अनुसूची -५ बमोजिम तयार गरी सचिवालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको तथ्याङ्क कृषि प्राविधिकद्धारा लिन लगाई सम्बन्धित प्राविधिकले प्रमाणित समेत गरी सचिवालयमा पेश गर्नु पर्नेछ ।

(३) दफा ३ को उपदफा (१) बमोजिम अध्ययन परीक्षण गर्दा परीक्षणमा समावेश भएका बालीको विभिन्न अवस्था (बानस्पतिक (Vegetative), फूल फूल्ने अवस्था (Flowering), फल फल्ने अवस्था (Fruiting) तथा पाक्ने अवस्था (Maturity Stage)) झल्कने रङ्गीन फोटोहरु तथा सो को विद्युतीय प्रति (Digital Copy) समेत सचिवालयमा पेश गर्नु पर्नेछ ।

६. **<u>सिफारिस क्षेत्र कायम गरिने:</u>** (१) समितिले दफा ३ बमोजिम अध्ययन परीक्षण गरिने आयातित जातको ऐन तथा नियमावली बमोजिम दर्ता गर्दा नेपालमा गरिएको अध्ययन परीक्षण क्षेत्रलाई आधार मानी सिफारिस क्षेत्र कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस क्षेत्र कायम गर्दा उक्त जातको खेती गर्न सकिने तापक्रम र हावापानीलाई समेत आधार मानी सिफारिस क्षेत्र कायम गर्न सकिनेछ ।

<u>परिच्छेद-३</u>

<u>नेपालमा विकास हुने तरकारी बालीका जातको अध्ययन परीक्षण सम्बन्धी व्यवस्था</u>

७. **<u>तरकारी बालीको जात विकास गरी दर्ता गर्न सक्ने:</u>** (१) परिषद् मातहतका कार्यक्रम वा केन्द्र वा निर्देशनालय, जातीय विकास तथा सम्वर्द्धन अनुमति लिएका निजी क्षेत्रका निकाय तथा कृषि विषय अध्ययन अध्यापन गराउने विश्वविद्यालयले तरकारी बालीको जात विकास गरी दर्ता गराउन सक्ने छन्।

(२) जातीय विकास तथा सम्वर्द्धन अनुमति प्राप्त निजी क्षेत्रका निकाय तथा कृषि विषयको अध्ययन अध्यापन गर्ने गराउने विश्वविद्यालयले स्वदेशी वा विदेशी संघ संस्थाबाट जर्मप्लाज्म वा इनब्रेड/प्यारेन्ट लाइनहरु (inbred/parent lines) प्राप्त गरी बालीका खुला सेचित वा वर्णशंकर जात विकास गर्न सक्ने छन्।

(३) उपदफा (१) बमोजिमका प्रस्तावकले तरकारी बालीको जात विकासका लागि गर्ने अध्ययन परीक्षण व्यवस्थापन देहाय बमोजिम गर्नु पर्नेछः-

(क) नेपालमा विकास गरिएका तरकारी बालीका जातहरुको दर्ताका लागि अनुसूची -६ बमोजिम कम्तिमा ६ स्थानमा बहुस्थलीय परीक्षण (मल्टिलोकेसन ट्रायल) संचालन गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम बहुस्थलीय परीक्षण गर्दा उच्च पहाडको कम्तिमा एक, मध्य पहाडको कम्तिमा दुई र तराईको कम्तिमा तीन स्थानमा गर्नु पर्नेछ ।

(ग) खण्ड (क) र खण्ड (ख) बमोजिम बहुस्थलीय परीक्षण गर्दा परीक्षण स्थल वरपर वा त्यस क्षेत्रको नजिकको बीउ बजारमा प्रचलित कम्तीमा एक जात र प्रस्तावित जातलाई कम्तिमा १२ डिग्री अफ फ्रिडम (Degree of Freedom) हुने गरी उपयुक्त बैज्ञानिक परीक्षण विधि (Experimental Design) छनौट गरी संचालन गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम परीक्षण गर्दा अनुसूची -७ बमोजिमको न्यूनतम् बोट/बेर्ना संख्या (Plant Population) कायम गर्नुपर्नेछ।

(ङ) खण्ड (क) र खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटा मात्र भौगोलिक क्षेत्रमा उपयुक्त हुने जातको हकमा सम्बन्धित भौगोलिक क्षेत्रमा कम्तिमा ३ वटा स्थानमा अध्ययन परीक्षण गरेको हुनु पर्नेछ ।

(च) प्रस्तावकले खण्ड (क) तथा खण्ड (ख) बमोजिमका अध्ययन परीक्षण स्वयंको प्रत्यक्ष रेखदेख र व्यवस्थापनमा संचालन गर्नु पर्नेछ ।

(छ) यस दफा बमोजिम अध्ययन परीक्षण गर्दा परीक्षण गर्ने निकायले अनुसूची-८ बमोजिमको तथ्याङ्क संकलन गर्नु पर्नेछ ।

परिच्छेद-४

दर्ता एवम् पञ्जीकरण सम्बन्धी व्यवस्था

८. **दर्ताका लागि पेश गर्नुपर्ने:** (१) यस मापदण्ड बमोजिम अध्ययन परीक्षण हुने तरकारी बालीका जातको दर्ता गर्न प्रस्तावकले अध्ययन परीक्षण प्रतिवेदन समेत संलग्न राखी नियमावलीको अनुसूची -४ बमोजिम सचिवालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन तथा प्रतिवेदन प्राप्त भए पश्चात् ऐन, नियमावली तथा समितिका विभिन्न बैठकबाट भएको निर्णय बमोजिम दर्ता एवम् पञ्जीकरण सम्बन्धमा आवश्यक निर्णय हुन सचिवालयले समिति समक्ष पेश गर्नेछ ।

९. **इनब्रेड/प्यारेन्ट लाइन (Inbred/parent Lines) समेत दर्ता गर्नु पर्ने:** स्वदेशी वा विदेशी संघ संस्थाबाट इनब्रेड/प्यारेन्ट लाइन (Inbred/parent Lines) प्राप्त गरी विकास गरेका तरकारी बालीका वर्णशंकर जातको बीउ उत्पादन नेपाल मै गर्नु पर्ने भएमा जात दर्ताका लागि सचिवालयमा प्रस्ताव पेश गर्दा प्रस्तावकले वर्णशंकर जात (F1) का अतिरिक्त इनब्रेड/प्यारेन्ट लाइन (Inbred/parent Lines) समेतको दर्ता गर्नु पर्नेछ।

परिच्छेद -५
विविध

१०. **इनब्रेड/प्यारेन्ट लाइन (Inbred/parent Lines) को गोपनियता कायम गर्नु पर्ने:** जातीय विकास तथा सम्वर्द्धन अनुमति प्राप्त निजी क्षेत्रका निकायले विकास गरेको वर्णशंकर जातको इनब्रेड/प्यारेन्ट लाइन (Inbred/parent Lines) हरुको गोपनियता स्वयंले कायम गर्नु पर्नेछ ।

११. **अनुमति बिना इनब्रेड/प्यारेन्ट लाइन (Inbred/parent Lines) को बिक्री वितरण तथा सूचना सार्वजनिक गर्न नपाइने:** जात विकास गर्ने निकायको अनुमति बिना कुनै पनि व्यक्ति, निकाय तथा संस्थालाई इनब्रेड/प्यारेन्ट लाइन (Inbred/parent Lines) को सूचना सार्वजनिक, निकासी, हस्तान्तरण वा साटासाट र बिक्री वितरण गर्न पाइने छैन।

१२. **स्रोत बीउ सम्वर्द्धन (Maintenance) को जिम्मेवारी हुने:** यस मापदण्ड बमोजिम नेपालमा विकास गरिएका तरकारी बालीका जातको स्रोत बीउको सम्वर्द्धन (Maintenance) को जिम्मेवारी सम्बन्धित प्रस्तावकको हुनेछ ।

१३. **क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने:** यस मापदण्ड बमोजिम तरकारी बालीका जातको गुणस्तर र गलत सूचनाका कारण बाली हानि नोक्सानी हुन गएमा जात प्रस्तावकले ऐन तथा नियमावलीको व्यवस्था बमोजिम प्रभावित कृषकलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

१४. **परिषद्सँग समन्वय र सहकार्य गर्न सकिने:** (१) तरकारी बालीको जात विकासका लागि कृषि विषय अध्ययन अध्यापन गर्ने विश्वविद्यालय र जातीय विकास तथा सम्वर्द्धन अनुमति लिएका निजी क्षेत्रले

अध्ययन परीक्षण व्यवस्थापन गर्दा परिषद् मातहतका कार्यक्रम वा केन्द्र वा निर्देशनालयसँग आवश्यक समन्वय र सहकार्य गर्न सक्ने छन् ।

(२) उपदफा (१) बमोजिम समन्वय र सहकार्य गर्ने क्रममा परिषद् वा मातहतका कार्यक्रम वा केन्द्र वा निर्देशनालयलाई कृषि विषय अध्ययन अध्यापन गर्ने विश्वविद्यालय र निजी क्षेत्रले उपलब्ध गराउनु पर्ने अध्ययन परीक्षण व्यवस्थापन शुल्क परिषद्ले तोके बमोजिम हुनेछ ।

१५. **<u>अनुगमन निरीक्षण हुने:</u>** (१) यस मापदण्ड बमोजिम संचालन हुने अध्ययन परीक्षण कार्यको अनुगमन तथा निरीक्षण, मन्त्रालय, सचिवालय र परिषद्बाट जुनसुकै बखत हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हुने अनुगमन तथा निरीक्षणका दौरान उपलब्ध गराइएका सुझावहरु, अध्ययन परीक्षण गर्ने प्रस्तावकले अनिवार्यरुपमा कार्यान्वयन गर्नु पर्नेछ ।

१६. **<u>मापदण्डको व्याख्या गर्ने, बाधा अडकाउ फुकाउने र संशोधन गर्ने:</u>** यस मापदण्डको कार्यान्वयनको सिलसिलामा कुनै द्धिविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा वा संशोधन गर्नु परेमा समितिले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अडकाउ फुकाउन वा संशोधन गर्न सक्नेछ।

१७. **<u>अनुसूची हेरफेर गर्न सक्ने:</u>** सचिवालयले समितिका अध्यक्षको पूर्व सहमति लिई आवश्यकता अनुसार यस मापदण्डमा रहेका अनुसूचीमा हेरफेर वा संशोधन गर्न सक्नेछ । यसरी हेरफेर वा संशोधन गरिएको विषयलाई सचिवालयले समितिको बैठक समक्ष पेश गरी अनुमोदन गराउनुपर्नेछ ।

अनुसूची -१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

तरकारी बालीको आयातित बीउको नमूना आयात तथा अध्ययन परीक्षण अनुमतिका लागि निवेदनको ढाँचा

विषय: बीउको नमूना आयात तथा अध्ययन परीक्षणका लागि अनुमति पाउँ ।

श्री राष्ट्रिय बीउ बिजन समितिको सचिवालय
हरिहरभवन, ललितपुर।

प्रस्तुत विषयमा बीउ बिजन ऐन, २०४५ को दफा ५ को उपदफा ५.५ तथा बीउ बिजन नियमावली, २०८१ को नियम ९ को उपनियम १ को खण्ड (ग) र उपनियम (३) बमोजिम देहाय बमोजिमका तरकारी बालीका जातहरु दर्ता एवम् ऐनको दफा ११ को उपदफा ११.२ र नियमावलीको नियम १० को उपनियम (१) को खण्ड (ख) बमोजिम पञ्जीकरण गरी आयात गर्ने प्रयोजनार्थ नियमावलीको अनुसूची -४ बमोजिम गर्नुपर्ने अध्ययन परीक्षणका लागि तपसिल बमोजिमका जातका बीउको नमूना आयात अनुमति तथा अध्ययन परीक्षण अनुमति पत्र पाउँ भनी अनुसूची -२ मा उल्लिखित कागजात संलग्न गरी यो निवेदन पेश गरिएको छ ।

तपसिल

क. स.	बाली	जात	प्रकार	परीक्षणका लागि आयात अनमुति माग गरिएको बीउको परिमाण (ग्राम)	पैठारी गरिने देश/संस्था	कैफियत

निवेदकको

नाम थर:

पद:

संस्था:

मोबाइल नं.:

हस्ताक्षर:

मिति:

अनुसूची -२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

आयातित तरकारी बालीका जातको अध्ययन परीक्षण अनुमतिका लागि पेश गर्नुपर्ने कागजातको सूची

१. Breeder Certificate (for Hybrid) and/or Producer Certificate (generally for Open Pollinated),

२. अध्ययन परीक्षणमा समावेश गरिने जातको Morphological/agronomical characteristics,

३. नेपालमा पैठारी गर्ने वा जात विकास गर्ने संस्थाबाट अध्ययन परीक्षणमा समावेश गरिने जात GMO/LMO/terminator seed नभएको स्वघोषणा (Declaration),

४. नेपालमा पैठारी गर्ने वा जात विकास गर्ने संस्थाले नेपाली साझेदार निकायलाई अध्ययन परीक्षणका लागि आधिकारिकता प्रदान गरिएको पत्र,

५. बीउ व्यवसाय संचालन (बीउ बिजन बिक्री वितरण) अनुमतिपत्रको प्रतिलिपि (नवीकरण समेत),

६. नेपाली साझेदार निकायको कानूनी हैसियत खुल्ने कागजातहरुको प्रतिलिपि,

७. नेपाली साझेदार निकायले अध्ययन परीक्षणका लागि नियुक्त कृषि प्राविधिकसँग गरिएको सम्झौता, नियुक्ती पत्र तथा शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,

८. सचिवालयले तोकेको अन्य आवश्यक कागजातहरु ।

अनुसूची -३

(दफा ३ को उपदफा (५) को खण्ड (ग) सँग सम्बन्धित)

तरकारी बालीको आयातित जातको अध्ययन परीक्षण गर्दा कायम राख्नुपर्ने न्यूनतम बिरुवा/बेर्ना/बीउ संख्या प्रति प्लट

S. N.	Crop	Minimum number of plants/plot
1	Leafy greens vegetables (Broad leaf mustard, cress, spinach, collard greens, etc.)	6
2	Root & tuber vegetables (Carrot, beetroots, radish, turnip, sweet potato, etc.)	10
3	Fruit vegetables (Tomato, pepper, brinjal, beans, cowpea, peas, squash, etc.)	6
4	Cucurbits (Cucumber, gourds, pumpkins, etc.)	4
5	Bulb vegetables (Onion, garlic, shallots, leek, etc.)	10
6	Stem/shoot vegetables (Asparagus, celery etc.)	6
7	Modified stem, flower and leaf (Cauliflower, broccoli, cabbage, kohlrabi, etc.)	6
8	Others	6

अनुसूची -४

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

आयातित तरकारी बालीका जातको अध्ययन परीक्षण जानकारी फारम

विषयः अध्ययन परीक्षण जानकारी फारम पठाईएको बारे ।

श्री राष्ट्रिय बीउ बिजन समितिको सचिवालय,
हरिहरभवन, ललितपुर।

प्रस्तुत विषयमा बीउ बिजन ऐन, २०४५ को दफा ५ को उपदफा ५.५ तथा बीउ बिजन नियमावली, २०८१ को नियम ९ को उपनियम १ को खण्ड (ग) र उपनियम (३) बमोजिम देहाय बमोजिमका तरकारी बालीका जातहरु दर्ता एवम् ऐनको दफा ११ को उपदफा ११.२ र नियमावलीको नियम १० को उपनियम (१) को खण्ड (ख) बमोजिम पञ्जीकरण गरी आयात गर्ने प्रयोजनका लागि तहाँ केन्द्रको च. नं. .... मिति ....बाट अध्ययन परीक्षणका लागि नमूना बीउ आयात तथा अध्ययन परीक्षण अनुमतिपत्र लिएकोमा तालिका १ बमोजिम अध्ययन परीक्षण व्यवस्थापन गरिएको व्यहोरा अनुरोध छ ।

निवेदकको

नाम थरः

पदः

संस्थाः

मोबाइल नं.:

हस्ताक्षरः

मितिः

तालिका १ : आयातित तरकारी बालीको अध्ययन परीक्षण व्यवस्थापन जानकारी फारम

अध्ययन परीक्षण स्थल सम्बन्धी जानकारी

क्र.स.	अध्ययन परीक्षण व्यवस्थापन (√ चिन्ह लगाउने)	अध्ययन परीक्षण स्थल भएको ठेगाना	अध्ययन परीक्षण स्थलको जि पि एस ठेगाना (अक्षांश "N", देशान्तर "E" र समुन्द्र सतह देखिको उचाई "masl")	अध्ययन परीक्षण स्थल व्यवस्थापन गर्ने प्राविधिकको नाम थर	अध्ययन परीक्षण स्थल व्यवस्थापन गर्ने प्राविधिकको सम्पर्क नं.	कृषक स्तरमा परीक्षण भएको भए किसानको नाम तथा ठेगाना	अध्ययन परीक्षणमा रहेका जातको जम्मा संख्या
	स्वयं /जातीय विकास तथा सम्वर्द्धन अनुमति प्राप्त संस्था/परिषद् बाट						

अध्ययन परीक्षणमा रहेका जातको साधारण जानकारी

क्र.स.	बाली	जात	प्रकार	प्रस्तावित जातको नेपाली नाम	बाली पाक्ने अवधि/दिन (अनुमानित)	लगाइएको क्षेत्रफल (m^2)	बीउ रोपेको/बेर्ना सारेको मिति	बीउ रोपेको/बेर्ना सारेको सिजन	प्रयोग गरिएको मलखात तथा मात्रा (kg/ha)	सिंचित वा असिंचित	बेर्ना दुरी (Spacing)		अध्ययन परीक्षण अनुमति लिएको पत्रको च. नं. तथा मिति
											हार देखि हार सम्म	बोट देखि बोट सम्म	

`अनुसूची -५

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

अध्ययन परीक्षण गर्दा संकलन गर्नुपर्ने तथ्याङ्क

A. General Information

- Testing site:
- Crop:
- Name of varieties included:
- Number of replications:
- Name and phone number of technician involved:
- Name and address of the institutions conducting the trial:
- Qualification of the technician:
- Name, telephone and address of the farmers (in case of farmers' field trial):

B. General traits to be recorded (this applies to all types of vegetables):

- Common Name:
- Botanical name:
- Proposed name:
- Country of origin:
- Sowing date/date of sowing in nursery:
- Transplanting date:
- Plot size (sq. m):
- Space between plants and rows (cm):
- Number of plants per plot (per entry per replication):
- Fertilizer types and rates (kg/ha) with dates of applications:
- Seedling vigor (three weeks after transplanting): *(scale of 1-9, 1 = least vigorous, 9 = most vigorous) of 3 randomly selected plants/replication*
- Plant growth habit: *(determinant, in-determinant, semi-determinant, semi-erect, spreading, erect, climbing, drooping, etc.)*
- Plant vigor at first harvest: *(1-5 hedonic scale rating, 1 = no vigor, 5 = very vigorous) of 3 randomly selected plants/replication*
- Plant uniformity: *(take photos and videos as well for digital documentation)*
- Plant height (cm) at final harvest: of 3 randomly selected plants per plot, i.e., per entry per replication measured on the main stem
- Days to 50% flowering (DAT): number of days after transplanting when 50% of the plants in a plot have open flowers

- Days to 50% maturity (DAT): number of days after transplanting when 50% of the plants in plots have mature fruit/leaf/root/bulb/flower/pod etc. or any economic parts ready to harvest for consumption, or seed extraction
- Color of fruit/ leaf/root/bulb/flower/pod, etc. or any economic parts used for consumption:
- Maturity habit: early, mid-season, late season
- Yield per plant (kg): the harvested quantity should be recorded in the plot at each harvest date, then added up after the last harvest date
- Number of fruit/root/bulb/leaf/curd/heads, etc. per plant and plot: in case of a fruit vegetable
- Weight of fruit/root/bulb/leaf/curd/heads, etc. per plant and plot (gm):
- Total yield (kg/ha):
- Qualitative parameters:
    - Qualitative parameters like color, flavor, attractiveness as per objective. Use the scale and rating as follows:
        - 1= poor,
        - 3= fair,
        - 5= average,
        - 7= good,
- Planting season**:**
- Disease and pest scores:

SN	Name of disease	Scoring done at (Crop stage)	Average Score
SN	Name of insect/pest	Scoring done at (Crop stage)	Average Score

C. Parameters to be recorded

1. Leafy green vegetables (Cress, spinach, kale, collard greens, chard, lettuce, etc.)

S.N.	Characters	Description
1	Plant height (cm)	
2	Leaf color	
3	Leaf length (cm)	
4	Leaf width (cm)	
5	Leaf glossiness	
6	Leaf hair	
7	Leaf waxiness	
8	Leaf weight (gm)	
9	Leaf texture and degree of puckering	
10	Pungency	
11	Mid rib thickness (cm)	
12	Color of mid rib	
13	Bolting period (days from seeding)	
14	Others (if applicable)	

- Yield (t/ha):
- Maturity Days:
- Preferred traits of the variety:

2. **Bulb vegetables (onion, garlic, shallots, leeks, etc.)**

S.N.	Characters	Description
1	Growth habit	
2	Plant height (cm) and width (cm):	
3	Bulb shape	
4	Bulb size	
5	Bulb skin color	
6	Bulb weight (gm)	
7	Foliage color	
8	Leaf length (cm)	
9	Equatorial diameter of bulb (cm)	
10	Polar diameter of bulb (cm)	
11	Neck diameter (cm)	
12	Days to the first bolting (emergence of visible culm)	
13	Flesh color	

S.N.	Characters	Description
14	Pungency (high/medium/low)	
15	Others (if applicable)	

- Yield (t/ha):
- Maturity Days:
- Preferred traits of the variety:

3. Root and tuber vegetables (carrot, beetroots, radish, turnip, sweet potato, etc.)

S.N.	Characters	Description
1	Leaf length (cm)	
2	Root color (above ground part)	
3	Root color (below ground part)	
4	Root core diameter (cm), if applicable	
5	Color of root core	
6	Root length (cm)	
7	Root diameter (cm)	
8	Root weight (gm)	
9	Texture of root outer surface (smooth/rough)	
10	Placement of root hairs (upper/middle/lower portion)	
11	Number of marketable roots	
12	Number of unmarketable roots	
13	Days to maturity from seeding (DAS)	
14	Others (if applicable)	

- Yield (t/ha):
- Maturity days (DAS):
- Preferred traits of the variety:

4. Stem/shoot vegetables (asparagus, celery etc.)

S.N.	Characters	Description
1	Spear length (cm)	
2	Number of spears per plant	
3	Color of spear	
4	Texture of spear	
5	Number of spear harvest per season	
6	Spear weight (gm)	
7	Time of emergence of spears (early/medium/late)	
8	Intensity of green coloration of foliage (light/medium/dark)	
9	Others (if applicable)	

- Yield (t/ha):
- Maturity Days:
- Preferred traits of the variety:

5. Modified stem, flower and leaf (broccoli, cauliflower, cabbage, khol rabi etc.)

S.N.	Characters	Description
1	Leaf shape (narrow elliptic/elliptic/broad elliptic)	
2	Leaf lobe (present/absent)	
3	Number of leaves per plant	
4	Leaf color (light green/dark green/bluish etc.)	
5	Torsion of the leaf tip (absent/medium/weak/strong)	
6	Days to 50% curd initiation (DAS)	
7	Days to curd maturity (DAS)	
8	Curd covering by inner leaves (not covered/partly covered/covered)	
9	Curd shape	
10	Curd color	
11	Hollowness of curd stalk	
12	Weight of curd without leaves (gm)	
13	Curd texture (fine/coarse)	
14	Curd compactness (loose/medium/compact)	
15	Others (if applicable)	

- Yield (t/ha):
- Maturity Days:
- Preferred traits of the variety:

6. Fruit vegetables (tomato, peppers, eggplant, cow pea, peas, beans etc.)

S.N.	Characters	Description
1	Leaf color	
2	Fruit diameter at the middle portion (cm)	
3	Fruit length (cm)	
4	Fruit width (cm)	
5	Number of fruits/pods per plant	
6	Number of flower per cluster	
7	Number cluster per plant	
8	Average fruit/pod weight (gm)	
9	Fruit/pod color (immature)	

S.N.	Characters	Description
10	Fruit/pod color (matured)	
11	Number of pod per cluster	
12	Nnumber of seeds per pod	
13	Pod pigmentation	
14	Pod length (cm)	
15	Fruit/pod shape and size	
16	Skin texture	
17	Flesh color	
18	Fruit core color	
19	Pericarp thickness	
20	Days to first harvesting (DAT)	
21	Days to last harvesting (DAT)	
22	Growth habit	
23	Number of picking	
24	Number of pods per plants	
25	Seed color	
26	Others (if applicable)	

- Yield (t/ha):
- Maturity Days:
- Preferred traits of the variety:

7. Cucurbits (cucumber, gourds, pumpkins, etc.)

S.N.	Characters	Description
1	Plant type (climbing/trailing/bush type)	
3	Vine length at fruit maturity stage (cm)	
4	Branching habit (single vine/multiple vines)	
5	Number of secondary branches (no.)	
6	Leaf color (green/light green/yellowish green/dark green)	
7	Leaf texture: smooth or rough	
8	Flower color	
9	Flower shape and size	
Measure followings when fruit is physiologically matured and ready to harvest		
10	Fruiting time (early/mid/late)	
11	Shape of the fruit (round/oval/cylindrical, etc.)	
12	Fruit size length and diameter (cm)	
13	Fruit weight fruit (gm)	

S.N.	Characters	Description
14	Fruit color (external and internal color) (green/yellow/orange/striped)	
15	Fruit skin texture (smooth/rough/spiny)	
16	Fruit surface (smooth/slightly ribbed/highly ribbed)	

- Yield (t/ha):
- Maturity days:
- Preferred traits of the variety:

८. Other vegetables

Focus on traits associated with the major economic parts and contributing to the yield. Observe the rest of the traits, as mentioned above, to complete the varietal information.

नोट: आयातित तरकारी बालीका जातहरुको परीक्षण गर्दा प्रस्तावकले उपयुक्त देखेका यस अनुसूचीमा उल्लेख भएका विवरणको अतिरिक्त थप विवरण समेत समावेश गर्न सक्ने छन् ।

अनुसूची -६

(दफा ७ को उपदफा (३) को खण्ड (क) सँग सम्बन्धित)

नेपालमा विकास गरिने तरकारी बालीको अध्ययन परीक्षण सम्बन्धी व्यवस्था

भौगोलिक क्षेत्र अनुसार आवश्यक परीक्षण स्थल संख्या

क्षेत्र	उचाई (मि. समुद्री सतह देखि)	पूर्वी क्षेत्र (कोशी नदी पूर्व)	मध्य क्षेत्र (कोशी नदी पश्चिम नारायणी नदी सम्म)	पश्चिम क्षेत्र (नारायणी नदी पश्चिम)
तराई	< ७००	१	१	१
मध्य पहाड	७०० - १५००	२		
उच्च पहाड	> १५००	१		
कुनै एक भौगोलिक क्षेत्रका लागि मात्र भएमा		३ (जुन क्षेत्रका लागि सिफारिस योग्य हो सोही क्षेत्रमा)		

नोट: उपरोक्तानुसार हुने परीक्षण On-station वा farmer's field trial वा दुवै हुन सक्ने छन् ।

अनुसूची-७
(दफा ७ को उपदफा (३) को खण्ड (घ) सँग सम्बन्धित)

नेपालमा विकास गरिने तरकारी बालीका जातको अध्ययन परीक्षण गर्दा कायम राख्नुपर्ने न्यूनतम बिरुवा/बेर्ना/बीउ संख्या प्रति प्लट

S. N.	Crop	Minimum number of plants /plot
1	Leafy green vegetables (broad leaf mustard, cress, spinach, collard greens, etc.)	20
2	Root & tuber vegetables (carrot, beetroots, radish, turnip, sweet potato, etc.)	30
3	Fruit vegetables (tomato, pepper, brinjal, beans, cowpea, peas, squash, etc.)	8
4	Cucurbits (cucumber, gourds, pumpkins, etc.)	6
5	Bulb vegetables (onion, garlic, shallots, leek, etc.)	40
6	Stem/shoot vegetables (asparagus, celery etc.)	10
7	Modified stem, flower, and leaf (cauliflower, broccoli, cabbage, kohlrabi, etc.)	16
8	Others	10

अनुसूची -८

(दफा ७ को उपदफा (३) को खण्ड (छ) सँग सम्बन्धित)

अध्ययन परीक्षण गर्दा संकलन गर्नुपर्ने तथ्याङ्क

A. General Information

- Research site:
- Crop:
- Name of varieties included:
- Name of local check variety:
- Number of replications:
- Name and phone number of technician involved:
- Name and address of the institutions conducting the trial:
- Qualification of the technician:
- Name, telephone and address of the farmers (in case of farmers' field trial):

B. General traits to be recorded (this applies to all types of vegetables):

- Common Name:
- Botanical name:
- Proposed name:
- Country of origin:
- Sowing date/date of sowing in nursery:
- Germination percentage (%):
- Transplanting date:
- Plot size (sq. m):
- Space between plants and rows (cm):
- Number of plants per plot (per entry per replication):
- Fertilizer types and rates (kg/ha) with dates of applications:
- Seedling vigor (three weeks after transplanting): *(scale of 1-9, 1 = least vigorous, 9 = most vigorous) of 3 randomly selected plants/replication*
- Plant growth habit: *(determinant, in-determinant, semi-determinant, semi-erect, spreading, erect, climbing, drooping, etc.)*
- Plant vigor at first harvest: *(1-5 hedonic scale rating, 1 = no vigor, 5 = very vigorous) of 3 randomly selected plants/replication*
- Plant uniformity: *(take photos and videos as well for digital documentation)*
- No. of leaves at 50% flowering stage: *of 3 randomly selected plants per plot, i.e., per entry per replication*
- No. of branches at 50% flowering stage: *of 3 randomly selected plants per plot, i.e., per entry per replication*

- Plant height (cm) at final harvest: of 3 randomly selected plants per plot, i.e., per entry per replication measured on the main stem
- Days to 50% flowering (DAT): number of days after transplanting when 50% of the plants in a plot have open flowers
- Days to 50% maturity (DAT): number of days after transplanting when 50% of the plants in plots have mature fruit/leaf/root/bulb/flower/pod, etc. or any economic parts ready to harvest for consumption, or seed extraction
- Color of fruit/leaf/root/bulb/flower/pod, etc. or any economic parts used for consumption:
- Maturity habit: (early/mid/late)
- Yield per plant (kg): the harvested quantity should be recorded in the plot at each harvest date, then added up after the last harvest date
- Number of fruit/root/bulb/leaf/curd/heads, etc. per plant and plot:
- Weight of fruit/root/bulb/leaf/curd/heads, etc. per plant and plot:
- Total yield (kg/ha):
- Qualitative parameters:
    - Qualitative parameters like color, flavor, attractiveness as per objective. Use the scale and rating as follows:
        - 1= poor,
        - 3= fair,
        - 5= average,
        - 7= good,
    - Overall eating quality: (rated on scale of 1-9, 1 = least favorite, 9 = best overall)
- Scoring of crop/plant reactions to abiotic stressors such as drought and flood, heat and cold, etc., and physiological disorders due to the effect of environment: (rated on scale of 1-9, 1 = tolerant, 9 = highly susceptible)
- Planting season**:**
- Disease and pest scores: परिषद् वा परिषद् मातहतका यससँग सम्वद्ध निकायबाट Diseased and pest scoring सम्बन्धमा आधिकारिक ढाँचा माग गरी सोही बमोजिम गर्नु पर्नेछ ।

Seed production details (Only for nationally developed varieties and imported varieties whose seeds are produced domestically)

- Days to 50% flowering:
- Days to 50% pod/fruit maturity:
- Days to harvest:
- Pod/Fruit color, shape and size:
- Method of seed extraction:
- Seed color, shape, and size:

- Thousand seed weight (gm):
- Seed yield (kg/plot): the weight of dry seeds at 6-8% moisture per harvest per plot at physiological maturity

C. **Parameters to be recorded**

1. Leafy green vegetables (cress, spinach, kale, collard greens, chard, lettuce, etc.)

S.N.	Characters	Description
1	Plant height (cm)	
2	Leaf color	
3	Petiole color and anthocyanin pigmentation	
4	Leaf shape	
5	Leaf length (cm)	
6	Leaf width (cm)	
7	Leaf thickness (cm)	
8	Leaf glossiness	
9	Leaf hair	
10	Leaf waxiness	
11	Leaf weight (gm)	
12	Leaf texture and degree of puckering	
13	Pungency	
14	Mid rib twist	
15	Mid rib thickness (cm)	
18	Color of mid rib	
19	Leaf position with base	
20	Leaflet arising from	
21	Bolting period (days from seeding)	
22	Storability under normal condition (days)	
23	Others (if any)	

- Yield (t/ha):
- Maturity Days:
- Preferred traits of the variety:
- Significant traits of economic value parts of the plant:
- Distinctness of the proposed variety:

2. **Bulb vegetables (onion, garlic, shallots, leeks, etc.)**

S.N.	**Characters**	**Description**
1	Growth habit	
2	Plant height (cm) and width (cm):	
3	Bulb shape	
4	Bulb size	
5	Anthocyanin pigmentation on bulb	
6	Bulb skin color	
7	Bulb weight (gm)	
8	Foliage color	
9	Leaf length (cm)	
10	Equatorial diameter of bulb (cm)	
11	Polar diameter of bulb (cm)	
12	Neck diameter (cm)	
13	Days to the first bolting (emergence of visible culm)	
14	Flesh color	
15	Pungency (high/medium/low)	
16	Storage under ambient conditions (days)	
17	Flower color	
18	Umbel shape and size	
19	Others (if any)	

- Yield (t/ha):
- Maturity Days:
- Preferred traits of the variety:
- Significant traits of economic value parts of the plant:
- Distinctness of the proposed variety:
- Quality of economically essential parts of the crops,
    - Bulb quality:
    - Other specific quality:

3. Root and tuber vegetables (carrot, beetroots, radish, turnip, sweet potato, etc.)

S.N.	**Characters**	**Description**
1	Leaf length (cm)	
2	Root color (above ground part)	
3	Root color (below ground part)	
4	Root core diameter (cm)	
5	Color of root core	
6	Root length (cm)	

S.N.	Characters	Description
7	Root diameter (cm)	
8	Root weight (gm)	
9	Texture of root outer surface (smooth/rough)	
10	Placement of root hairs (upper/middle/lower portion)	
11	Weight of whole plant (gm)	
12	No of marketable roots	
13	No of unmarketable roots	
14	Days to flowering from seeding (DAS)	
15	Days to maturity from seeding (DAS)	
16	Others (if any)	

- Yield (t/ha):
- Maturity Days:
- Preferred traits of the variety:
- Significant traits of economic value parts of the plant:
- Distinctness of the proposed variety:
- Distinctness of proposed variety:

4. Stem/shoot vegetables (asparagus, celery, etc.)

S.N.	Characters	Description
1	Spear length (cm)	
2	Spear diameter (cm)	
3	Number of spears per plant	
4	Color of spear	
5	Texture of spear	
6	Number of spear harvest per season	
7	Harvest duration	
8	Spear weight (gm)	
9	Time of emergence of spears (early/medium/late)	
10	Time of beginning of flowering (early/medium/late)	
11	Intensity of green coloration of foliage (light/medium/dark)	
12	Others (if any)	

- Yield (t/ha):
- Maturity Days:
- Preferred traits of the variety:
- Significant traits of economic value parts of the plant:
- Distinctness of the proposed variety:

5. Modified stem, flower and leaf (broccoli, cauliflower, cabbage, khol rabi, etc.)

S.N.	Characters	Description
1	Leaf architect (erect/semi erect/horizontal)	
2	Leaf dimensions (cm)	
3	Leaf shape (narrow elliptic/elliptic/broad elliptic)	
4	Leaf lobe (present/absent)	
5	Number of leaves per plant	
6	Leaf color (light green/dark green/bluish, etc.)	
7	Torsion of the leaf tip (absent/medium/weak/strong)	
8	Days to first curd initiation (DAS)	
9	Days to 50% curd initiation (DAS)	
10	Days to curd maturity (DAS)	
11	Curd covering by inner leaves (not covered/partly covered/covered)	
12	Curd diameter (cm)	
13	Curd length (cm)	
14	Curd width (cm)	
15	Curd shape	
16	Curd color	
17	Hollowness of curd stalk	
18	Weight of curd without leaves (gm)	
19	Curd texture (fine/coarse)	
20	Curd compactness (loose/medium/compact)	
21	Stalk dimensions (cm)	
22	Others (if any)	

- Yield (t/ha):
- Maturity Days:
- Preferred traits of the variety:
- Significant traits of economic value parts of the plant:
- Distinctness of the proposed variety:

6. Fruit vegetables (tomato, peppers, eggplant, cow pea, peas, beans, etc.)

S.N.	Characters	Description
1	Leaf architect (erect/semi erect/horizontal/drooping)	
2	Leaf color	
3	Leaf shape and size	
4	Fruit diameter at the middle portion (cm)	

5	Fruit length (cm)	
6	Fruit width (cm)	
7	Number of fruits/pods per plant	
8	Number of flower per cluster	
9	Number cluster per plant	
10	Average fruit/pod weight (gm)	
11	Fruit/pod color (immature)	
12	Fruit/pod color (matured)	
13	Number of pod per cluster	
14	Number of seeds per pod	
15	Pod pigmentation	
16	Pod length (cm)	
17	Fruit/pod shape and size	
18	Skin texture	
19	Flesh color	
20	Fruit core color	
21	Pericarp thickness	
22	Days to first harvesting (DAT)	
23	Days to last harvesting (DAT)	
24	Node number of the first female flower bearing	
25	Growth habit	
26	Number of picking per plant	
27	Number of pods per plants	
28	Seed color	
29	Others (if any)	

- Yield (t/ha):
- Maturity Days:
- Preferred traits of the variety:
- Significant traits of economic value parts of the plant:
- Distinctness of the proposed variety:

7. Cucurbits (cucumber, gourds, pumpkins, etc.)

S.N.	Characters	Description
1	Plant type (climbing/trailing/bush type)	
2	Vine length before flowering stage (cm)	
3	Vine length at fruit maturity stage (cm)	
4	Female : Male Ratio	
5	Branching habit (single vine/multiple vines)	

S.N.	Characters	Description
6	Number of secondary branches (no.)	
7	Length of secondary branch (cm)	
8	Leaf pubescence (presence or absence of hairs on the leaf surface) (rare/low/medium/high)	
9	Density of leaf hair (very low or low or medium or high)	
10	Number of lobes	
11	Leaf length of fully matured leaf (length with and without petiole in cm)	
12	Leaf width of fully matured leaf (longest distance in cm)	
13	Size of leaf (small/medium/large)	
14	Leaf color (green/light green/yellowish green/dark green)	
15	Presence of white patches on leaf surface	
16	Shape of patches	
17	Leaf texture: smooth or rough	
18	Flower type (monoecious/diecious)	
19	Flower color	
20	Flower shape and size	
Measure when fruit is physiologically matured and ready to harvest		
21	Fruiting time (early/mid/late)	
22	Shape of the fruit (round/oval/cylindrical, etc.)	
23	Fruit size of ready to harvest fruit length and diameter (cm)	
24	Fruit weight of matured and harvested fruit (gm)	
25	Fruit color (external and internal color) at maturity (green/yellow/orange/striped)	
26	Fruit skin texture (smooth/rough/spiny)	
27	Fruit surface (smooth/slightly ribbed/highly ribbed)	
28	Fruit taste (evaluation of sweetness, bitterness, or flavor that is important for edible types)	
29	Seed shape, size and color	
30	Seed yield (kg/plant)	
31	Field holding capacity (number of days fruits can keep unharvested in the field while already become harvestable)	
32	Storage life (number of days the fruits can be stored without quality degradation)	

S.N.	Characters	Description
33	Transportability (ease with which fruits can be transported without damage)	

- Yield (t/ha):
- Maturity Days:
- Preferred traits of the variety:
- Significant traits of economic value parts of the plant:
- Distinctness of the proposed variety:

8. Other vegetables

Focus on traits associated with the major economic parts and contributing to the yield. Observe the rest of the traits, as mentioned above, to complete the varietal information.

नोटः नेपालमा विकास गरिने तरकारी बालीका जातहरुको परीक्षणका क्रममा प्रस्तावकले आवश्यक ठानेमा यस अनुसूचीमा उल्लेख भएका विवरणको अतिरिक्त नेपाल कृषि अनुसन्धान परिषद्बाट स्वीकृत मापदण्ड बमोजिम थप विवरण समेत समावेश गर्न सक्ने छन्।